(नेपाल प्रेस युनियनको नवौं महाविधेशनका लागि प्रस्तावित विधान)

**नेपाल प्रेस युनियनको विधान–२०४८**

**(छैटौ संशोधन–२०७९)**

**प्रस्तावना :**

आमसञ्चार माध्यममाकार्यरत श्रमजीवीपत्रकारहरुको हक, हित र सम्मानको रक्षातथाउनीहरुको सर्वाङ्गीण विकासमाक्रियाशील रहने प्रतिवद्धता व्यक्तगर्दै, श्रमजीवीपत्रकारहरुको पेशागत सुरक्षालाई सुनिश्चित गर्न आमलोकतन्त्रवादीपत्रकारहरुलाई एकतावद्ध र संगठित गर्दै उनीहरुको ज्ञान, सीप, अधिकारका पक्षमावकालतगर्दै उनीहरुको दक्षताअभिवृद्धि गरी, वहुलतामाहुर्किएको प्रेस स्वतन्त्रताकाआधारभूतमूल्य, मान्यतालाई अक्षुण राख्दै, विश्वपत्रकारितामाआएकानयाँआयाम र अभ्यासलाई नेपालीपत्रकारितामा समाहित गर्न क्रियाशील रहँदै, नेपाल ट्रेड युनियनकाँग्रेससँग वैचारिक ऐक्यवद्धताका साथ स्वायत्त र सशक्तप्रजातान्त्रिक संस्थाको रुपमाविकसित गर्ने उद्देश्यका साथ नेपाल प्रेस युनियन–२०४८(छैटौ संशोधन–२०७९) को विधानतयार गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यस विधानको नाम 'नेपाल प्रेस युनियनको विधान- २०४८ (छैटौ संशोधन– २०७९) रहेको छ ।

(ख) यो विधान नेपाल प्रेस युनियनका सदस्यहरुलेअनिवार्य रुपमापालना गर्नु पर्नेछ ।

(ग) यो विधान नेपाल प्रेस युनियनको विधानमहाधिवेशनवा साधारण सभाद्वारा पारित भएको मितिदेखि लागू हुनेछ । साथै यसअघि भए गरेका सबै काम कारबाही यसै विधानअनुरुपभए गरे सरह मानिनेछ ।

२. **परिभाषा**

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा

(क) 'युनियन'भन्नाले नेपाल प्रेस युनियनलाई जनाउनेछ ।

(ख) 'समिति'भन्नाले युनियनकोसबै तहकाकार्य समिति र विधानअनुसार गठन हुने विभागीय समिति समेतलाई जनाउनेछ ।

(ग) 'साधारण सदस्य'भन्नाले यस विधानको दफा७बमोजिम सदस्यताप्राप्तव्यक्तिबुझिने छ ।

(घ) 'समितिको पदाधिकारी' भन्नाले युनियनको विधानबमोजिमनिर्वाचितअध्यक्ष देखि कोषाध्यक्षसम्मकापदमा रहने व्यक्तिर लेखा समिति संयोजक समेतलाई जनाउछ ।

(ङ) 'समितिका केन्द्रीय सदस्य'भन्नाले युनियनको विधानबमोजिमनिर्वाचित र मनोनित केन्द्रीय समितिका सदस्यबुझिने छ ।

(च) केन्द्रीयप्रतिनिधि'भन्नाले केन्द्रीय सभा (महाधिवेशन)मा सहभागिताकालागिविधानबमोजिम गठित शाखाबाट निर्वाचिततथा केन्द्रीय अध्यक्षबाट मनोनित सदस्यलाई बुझिनेछ ।

(छ) प्रदेश प्रतिनिधिभन्नाले प्रदेशसभा (महाधिवेशन)माविधानबमोजिम गठित शाखाबाट युनियनको प्रदेशकालागि छानिएका तथाप्रदेश अध्यक्षबाट विधानबमोजिममनोनित सदस्यबुझिनेछ ।

( ज ) विभागभन्नाले विधानमाव्यवस्थाभए अनुरुपको अनुशासन र संगठन विभागअतिरिक्तकार्यसमितिले विधानअन्तर्गत गठन गरेका विभागलाई जनाउनेछ ।

(ज) 'सञ्चार प्रतिष्ठान' भन्नाले सञ्चारसम्बन्धीकुनै व्यवसायवा उद्देश्यले संगठित नेपालको संविधानअनुसारका सञ्चार गृहलाई बुझिनेछ ।

(झ) 'शाखा'भन्नाले कुनै पनि सञ्चार प्रतिष्ठान वाजिल्लामाक्रियाशीलकम्तिमा ११ वा सो भन्दा बढी युनियनका सदस्यहरु भएको शाखाबुझिनेछ ।

(ञ) "प्रदेश समिति"भन्नाले विधानबमोजिमको युनियनको प्रदेश समितिलाई जनाउँनेछ ।

(ट) "केन्द्रीय सभा"भन्नाले विधानको अनुसार दुई महाधिवेशनको बीचमाहुने विधान/नीति सभालाई जनाउँछ ।

(ठ) "प्रदेश सभा"भन्नाले विधानको प्रावधानबमोजिमको सभालाई जनाउँछ ।

(ड) "विशेष केन्द्रीय सभा"भन्नाले विधानकाबमोजिमबोलाइएको विशेष सभा (महाधिवेशन) लाई जनाउँछ ।

(ढ) 'संस्थागत आवद्धता' भन्नाले प्रचलितकानुनअनुसार दर्ता भई पत्रकारितासित सम्बन्धितविधागत क्षेत्रका संघसंस्थालाई युनियनले दिने आवद्धता बुझाउँदछ ।

३. **छाप र चिह्न**

युनियनको छाप र चिन्ह अनुसूचि १ अनुसार हुनेछ ।

४. **कार्यालय**

युनियनको केन्द्रीयकार्यालय वा सचिवालय काठमाडौं उपत्यकामा रहनेछ भने प्रदेश कार्यालय सम्बन्धितप्रदेशमाहुनेछ । जिल्लाशाखाकार्यालय सम्बन्धितजिल्लामै रहनेछन् ।

## परिच्छेद - २

५. **उद्देश्य**

(क) पत्रकारिताका माध्यमबाट बहुलवादमाआधारित लोकतन्त्रको संरक्षण र सम्वर्द्धनमा योगदान पुऱ्याउने ।

(ख) आम सञ्चार माध्यममाकार्यरत पत्रकारहरुलाई संगठित गरी व्यवसायिक नेतृत्वप्रदानगर्दै उनीहरुको हकअधिकार प्रवर्द्धन तथा संरक्षण गर्न क्रियाशील रहने ।

(ग) प्रेस तथाअभिव्यक्ति स्वतन्त्रता, विचार र सूचनाको हकको पक्षमाक्रियाशील रहने ।

(घ) श्रमजीवीपत्रकारहरुको उचितश्रम अभ्यास र पेशातथा रोजगारीको अधिकारको संरक्षणका लागि नेतृत्वप्रदान गर्ने ।

(ङ) पत्रकारिता क्षेत्रसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमाक्रियाशील संघ संस्थाहरुसँग सम्बन्धविस्तार गर्ने तथाविभिन्न देशका संघ, संस्थाहरु, तथाप्रतिनिधिहरुबीचव्यवसायिक सीप एवं क्षमताअभिवृद्धि लगायतकार्यक्रमआदानप्रदान गर्ने ।

(च) पत्रकारिता क्षेत्रसँग सम्बन्धितविषयमा बैठक, भेला, सभा, सम्मेलन, गोष्ठी, अन्तर्क्रिया, प्रशिक्षण लगायतअन्यविभिन्न रचनात्मकगतिविधिहरु सञ्चालन गर्ने ।

(छ) उत्तरदायी,मर्यादित र जिम्मेवार पत्रकारिताको संस्थागतविकासमाक्रियाशीलहुँदै स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्ने ।

## परिच्छेद - ३

## सदस्यता

### ६. सदस्यताको किसिम

युनियनकानिम्नलिखिततीनकिसिमका सदस्यहरु रहनेछन् ।

**क. साधारण सदस्य :**

पत्रकारिताको विभिन्नविधामाकार्यरत प्रकाशक, व्यवस्थापक र संचालकबाहेक, सम्पादक, प्रतिनिधि, संवाददातावाविदेशी सञ्चार माध्यममापत्रकारितावा समाचार संस्थाकानिम्ति नेपालमाकार्यरत नेपाल संवाददातावा रिपोर्टर, फोटो जर्नालिष्ट, कार्टुनिष्ट, फ्रिलान्सर र उत्पादन, वितरण वाप्रशारणमा संलग्नश्रमजिवीले शाखाको सिफारिसमायुनियनको सदस्यताप्राप्त गर्न सक्नेछ ।

**ख. मानार्थ सदस्य**

युनियनको उद्देश्य प्राप्तिकालागिविशेष योगदान पुर्‍याएका स्वदेशीवाविदेशीव्यक्तिवा संस्थालाई केन्द्रीय समितिले युनियनको मानार्थ सदस्यताप्रदान गर्न सक्नेछ ।

**ग. संस्थागत सदस्य**

११जनावा सोभन्दा बढी श्रमजीवीपत्रकार सहभागीभएको सञ्चार संस्थालाई युनियनले संस्थागत सदस्यतादिन सक्नेछ ।

### ७. सदस्यताको योग्यताः

यस विधान र नियमावलीको अधिनमा रहीनिम्नलिखित योग्यतापुगेको व्यक्तिवा संस्थालाई युनियनले सदस्यताप्रदान गर्नसक्नेछ ।

(क) पत्रकारिताको विभिन्नविधामाकार्यरत प्रकाशक, व्यवस्थापक र संचालकबाहेक, सम्पादक, प्रतिनिधि, संवाददातावाविदेशी सञ्चार माध्यममापत्रकारितावा समाचार संस्थाकानिम्ति नेपालमाकार्यरत नेपाल संवाददातावा रिपोर्टर, फोटो जर्नालिष्ट, कार्टुनिष्ट, फ्रिलान्सर र

उत्पादन, वितरण वाप्रशारणमा संलग्नश्रमजिवीले शाखाको सिफारिसमायुनियनको सदस्यताप्राप्त गर्न सक्नेछ ।

(ख) यो संशोधितविधानलागू हुनुभन्दा अगाडि युनियनको सदस्य रहेका व्यक्ति,

(ग) युनियनको सदस्यहुन १६वर्ष पुगेको नेपालीनागरिक हुनुपर्नेछ ।

**८. सदस्यताप्राप्त गर्ने कार्यविधि :**

(१) सदस्यताको लागिआवेदन, स्वीकृति र प्राप्ति देहायबमोजिमहुनेछः

(क) युनियनको सदस्यतालिनचाहने पत्रकारले नेपालीनागरिकताको प्रमाणपत्र, पत्रकारितामा निरन्तरता र क्रियाशीलताको प्रमाण र तोकिएको ढाँचामा आफू क्रियाशील रहेको क्षेत्रको शाखावा संस्थागत संस्थामानिवेदनदिनुपर्नेछ ।

(ख) शाखामाआवेदन आएपछि शाखा वा संस्थागत संस्थाले छानबिन गरी योग्यतापुगेका आवेदकको सदस्यता स्वीकृत गरी अनुमोदनकालागि सम्बन्धितप्रदेश समितिमा पठाउनुपर्नेछ ।

(ग) सदस्यतामा विवाद उत्पन्न भएमा प्रदेश समितिले छानबिन गर्न सक्नेछ । यसरी छानबिन गर्दा योग्यताबमोजिम सदस्यनहुनेलाई सदस्यबनाएको वा योग्यताहुँदाहुँदै सदस्य बन्नबाट वञ्चितगरिएको पाइएमात्यस्तो शाखावा संस्थागत संस्थावा त्यस कार्यमा संलग्नपदाधिकारी वा सदस्यउपर छानबिन गर्न सकिनेछ । प्रदेशमा समेत सदस्यताविवादनमिलेको अवस्थामा त्यस सम्वन्धीअन्तिम टुंगो केन्द्रीय समितिले लगाउनेछ ।

(घ) कुनै शाखावा संस्थागत समितिभंगभएमाप्रदेश समितिले तत्कालतदर्थ समिति गठन गर्नु पर्नेछ । निलम्बनगरिएको सदस्यले निलम्बनको अवधिभर नयाँ समिति गठनका लागिभएको चुनावमाउम्मेदवार हुनवामतदान गर्न पाउने छैन ।

**(२)सदस्यता स्थानान्तरणसम्बन्धीव्यवस्था देहायबमोजिमहुनेछः**

(क) युनियनका सदस्यहरूले आफ्नो कार्यक्षेत्र परिवर्तन भएअनुसार सदस्यता स्थानान्तरण गर्न सक्नेछन् ।

(ख) स्थानान्तरणका लागिप्रदेशभित्रभए सम्बन्धितशाखाको सिफारिसमाप्रदेश समितिले र अन्तर-प्रदेशमाभएप्रदेश समितिको सिफारिमा केन्द्रीय समितिले सदस्यता स्थानान्तरण गरिदिनेछ । स्थानान्तरण भएको शाखाले अभिलेख राखीनवीकरण गरिदिनुपर्नेछ ।

(३) **नयाँ सदस्यता स्वीकृत, अनुमोदन र स्थानान्तरण** गर्ने कार्य सम्बन्धित समितिको निर्वाचन हुनुभन्दा ३ महिना पहिले भइसक्नु पर्नेछ। निर्वाचन सम्पन्नभएदेखि अर्को निर्वाचनहुनुभन्दा३महिना अघिसम्म जुनसुकै वेलापनि सदस्यताकालागिआवेदनदिन सकिनेछ।

(४)युनियनको सदस्यताप्राप्त गर्ने व्यक्तिले सदस्यताकायम रहेसम्म युनियनको नियम र विधानको पालना गर्नुपर्नेछ।

९. **सदस्यताशुल्क**

(क) युनियनको साधारण सदस्यशुल्क रु ३०० लाग्नेछ। सदस्यताप्रत्येक बर्षमानविकरण गर्नु पर्नेछ। नविकरण शुल्क रु २०० लाग्ने छ। लगातार तीनबर्ष नविकरण नभएको सदस्यले कुनै पनि समितिको अध्यक्ष र महाधिबेशनप्रतिनिधिबन्न सक्ने छैन। यसरी सदस्यतावातजम्माहुने रकमको २५ प्रतिशत सम्बन्धितशाखा, २५ प्रतिशतप्रदेश समिति र ५० प्रतिशत केन्द्रमाबुझाउनुपर्नेछ।

(ख) नवीकरणको म्याद नाघेमा दोब्बर शुल्कतिरी म्याद सकिएको मितिले ३० दिनभित्रनवीकरण गराउन सकिनेछ।

(ग) म्यादभित्रशुल्कनबुझाउने वानवीकरण नगर्ने सदस्यको सदस्यता स्वतःखारेज भएको मानिनेछ।

१०.**सदस्यताको समाप्ति**

यो विधानमाअन्यत्रजुनसुकै कुरा लेखिएको भएपनिनिम्नलिखितअवस्थामायुनियनको सदस्यता समाप्तहुनेछ।

(क) युनियनको सदस्यताबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) तोकिएको समयभित्रशुल्कबुझाई नवीकरण नगरेमा,

(ग) युनियनको हीतप्रतिकुलहुने वायुनियनको विधानविपरीत कार्य गरेमा,

(घ) मानसिक सन्तुलनगुमाएमावा सदस्यको मृत्यु भएमा।

(ङ) युनियनले आचरण विपरित काम गरेको प्रमाणित भएमा।

(च) नैतिकपतन देखिने फौजदारी अभियोग प्रमाणित भएमा।

११.**सदस्यतापुनःप्राप्ति**

दफा–१० बमोजिम सदस्यता समाप्तभएमानयाँ सदस्यताप्राप्त गर्ने विधिअपनाई पुनः सदस्यताकालागि सम्बन्धितजिल्ला,प्रदेशमाआवेदनदिन सकिनेछ । सदस्यतादिने वानदिने अन्तिमअधिकार युनियनको केन्द्रीय समितिमा रहनेछ ।

१२. **आचारसंहिता**

युनियनका सम्पूर्ण सदस्यहरुको देहायबमोजिमआचारसंहितापालना गर्नुपर्ने छः

(क) राष्ट्रप्रति बफादार रही राष्ट्रियतालाई सर्वोपरि मान्ने र देशको संविधान र कानुनअनुरुपकार्य गर्ने ।

(ख) संसदीयलोकतान्त्रिक गणतन्त्रात्मक पद्धति, कानुनी राज्य र मानवअधिकारप्रति प्रतिबद्ध रहँदै बहुलवाद, लोकतन्त्र, प्रजातान्त्रिक समाजवादप्रतिआस्थावान रहने ।

(ग) प्रेस स्वतन्त्रताको रक्षागर्दै जनताको सुसूचितहुने अधिकारप्रति प्रतिवद्ध रहने ।

(घ) श्रमजीवीपत्रकारको हक, हीत र सम्मानको रक्षा गर्ने ।

(ङ) पीतपत्रकारितालाई निरुत्साहित गर्ने ।

(च) युनियनको हीतलाई सर्वोपरि राखीकाम गर्ने र युनियनको प्रतिष्ठा बढाउने ।

(छ) आफ्नो सञ्चारमाध्यमबाट सत्य र तथ्यआधारित समाचार सामग्रीमात्रप्रकाशनवा प्रसारण गर्ने ।

(ज) स्वच्छ र मर्यादितपत्रकारिताको विकासलाई बढवा दिने ।

(झ) आफ्नो देशको हितप्रतिकूल र संवैधानिकमर्यादा विपरीत हुने गरी समाचार संप्रेषण नगर्ने नगराउने ।

(ञ) व्यवसायिकपत्रकारिताको संरक्षण सम्बर्द्धन गर्दै, समन्वय र ऐक्यबद्धता कायम गर्ने ।

## परिच्छेद - ४

## अधिवेशनतथा साधारण सभा

**१३. शाखा, प्रतिष्ठान शाखा, विदेशस्थित शाखा र उपशाखाः**

हरेक तीनवर्षमाहुने युनियनकोशाखा, **प्रतिष्ठान शाखा, विदेशस्थितशाखा र उपशाखा**को अधिवेशनतथा साधारणसभा सम्बन्धीव्यवस्था देहायबमोजिमहुनेछ :

(क) शाखाका सदस्यशाखा साधारण सभाका सदस्यहुनेछन् ।

(ख) आमसञ्चार माध्यमसँग सम्बन्धितविशेषज्ञलाई सम्बन्धित समितिको निर्णयले साधारण सभामाआमन्त्रित गरी छलफलमा सहभागी गराउन सकिनेछ । तर, उनीहरूलाई मतदानको अधिकार हुने छैन ।

(ग) शाखा**प्रतिष्ठान शाखा, विदेशस्थितशाखा र उपशाखाले** आफ्नो कार्यकालभित्रकम्तीमा एक पटक साधारण सभाको आयोजना गर्नुपर्नेछ । सभामा सम्बन्धितशाखा, प्रतिष्ठानका सदस्यहरूले भागलिनेछन् ।

(घ) सम्बन्धितशाखाको निर्णय वा एक तिहाई सदस्यले प्रयोजन खुलाई सभाबोलाइयोस् भनीलिखितरूपमामाग गरेको खण्डमा तीनमहिनाभित्रविशेष साधारण सभाबोलाउनु पर्नेछ । यस्तो सभा एक वर्षमा एकपटक भन्दा बढी हुने छैन ।

**(ङ) साधारण सभाको गणपूरक संख्या** ५१ प्रतिशतहुनुपर्नेछ । साधारण सभाहुने तोकिएको दिनमा गणपूरक संख्यानपुगेमा, कम्तीमा २४ घण्टाको सूचनादिई अर्को साधारण सभाबोलाउन सकिनेछ । यसरी बोलाइएको सभामाकुल साधारण सदस्यको कम्तीमा २५ प्रतिशतको उपस्थितिहुनु पर्नेछ । यस्तो सभामाउपस्थित सदस्य संख्यालाई नै गणपूरक संख्यामानिनेछ ।

(च) साधारण सभाकालागि ३० दिनअगावै प्रस्तावसहितको जानकारी यथासम्भव शीघ्र सञ्चारको माध्यमबाट सदस्यहरूलाई दिनुपर्नेछ । तर, विशेष साधारण सभाबोलाउनुपर्दा कम्तीमा १५ दिनको सूचनादिनु पर्नेछ । यस्तो सभामा प्रस्तावितविषयमामात्र छलफल र निर्णय हुनेछ ।

(छ) साधारण सभामाउपस्थित सदस्यको बहुमतबाट पारित निर्णय कार्यान्वयन गर्नु सम्बन्धित समितिको दायित्वहुनेछ ।

(ज) साधारण सभाको निर्णय पुस्तिकामाअध्यक्ष, महासचिव (शाखाको हकमा सचिव) तथा साधारणसभाले तोकेको कम्तीमातीनजना सदस्यले हस्ताक्षर गरी प्रमाणित गरेको मूल अभिलेख नै निर्णय मानिनेछ ।

(झ) सम्बन्धित समितिले आफूले पेश गर्नु पर्ने र सदस्यहरूबाट प्राप्त प्रस्तावहरू अध्ययन गरी साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(ञ) समितिकाअध्यक्षले साधारण सभाको अध्यक्षता गर्नेछ । तर अधिवेशनको बन्द सत्रको सञ्चालनकालागि अध्यक्षमण्डल गठन गर्न सकिनेछ ।

(ट) साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि सो सभा सम्पन्नभएको मितिले बढीमा सात दिनभित्रप्रदेश समितिको कार्यालयमा प्रस्तुत गर्नुपर्ने छ ।

**१४. प्रदेश सभा (महाधिवेशन):**

प्रदेश समितिको अधिवेशनतथाप्रदेशसभासम्बन्धीव्यवस्था देहायबमोजिमहुनेछः

(क) प्रदेश समितिकापदाधिकारी, सदस्यतथा सल्लाहकारहरू र पूर्व अध्यक्षहरू ।

(ख) सम्बन्धितप्रदेश समितिअन्तर्गतकाजिल्लाशाखाकाअध्यक्षतथा प्रतिष्ठान शाखा र उपशाखाकाअध्यक्ष ।

(ग) प्रदेशभित्रकाशाखावा प्रतिष्ठानमा आवद्ध साधारण सदस्यमध्ये कम्तीमा ४ वर्ष युनियनको सदस्य रहिसकेका व्यक्तिहरूमध्ये समावेशी सिद्धान्तका आधारमाप्रति५सदस्यमा १ जनाका दरले सम्बन्धितशाखावा प्रतिष्ठान समितिको निर्वाचनकै बखतनिर्वाचितभएका सदस्यहरू, तर महिला सदस्यको हकमा ३ महिला बराबर एक जनाप्रदेश सभाअधिवेशनप्रतिनिधिको व्यवस्था रहने छ । प्रदेश सभा सदस्यहरुबाटै प्रदेश समिति चयन हुनेछ । सम्बन्धितप्रदेशबाट महाधिवेशनमा सहभागिहुने महाधिवेशनप्रतिनिधिलाई प्रदेशसभामा सहभागिताको अधिकार हुनेछ ।

(घ) पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान गरेका प्रदेश समितिले मनोनयन गर्नेगरि समावेसी सिद्धान्तका आधारमा बढीमा १० जनाप्रदेश सभामा सहभागी गराउन सकिनेछ । यस्ता मनोनितप्रतिनिधिलाई उम्मेदवारीकादिने हकहुने छैन ।

(ङ) आमसञ्चारमाध्यमसँग सम्बन्धितविशेषज्ञलाई प्रदेश समितिको निर्णयले प्रदेश सभामाआमन्त्रित गरी छलफलमा सहभागी गराउन सकिनेछ । तर उनीहरूलाई मतदानको अधिकार हुने छैन ।

(च) प्रदेश समितिले आफ्नो कार्यकालभित्रकम्तीमा एक पटक प्रदेशसभाको आयोजना गर्नुपर्नेछ ।

(छ) प्रदेश समितिको निर्णयमावा एक तिहाई प्रदेश सभासदले प्रयोजन खुलाई सभाबोलाइयोस् भनीलिखितरूपमाप्रदेश समितिसमक्षमाग गरेको खण्डमा तीनमहिनाभित्रविशेष प्रदेश सभाबोलाउनु पर्नेछ ।

(ज) प्रदेश सभाको गणपूरक संख्या ५१ प्रतिशतहुनुपर्नेछ । प्रदेश सभाहुने तोकिएको दिनमा गणपूरक संख्यानपुगेमा, कम्तीमा २४ घण्टाको सूचनादिई अर्को प्रदेश सभाबोलाउन सकिनेछ । यसरी बोलाइएको सभामाकुलप्रदेश सभासदको कम्तीमा २५ प्रतिशतउपस्थितिहुनु पर्नेछ । यस्तो सभामाउपस्थित सभासद संख्यालाई नै गणपूरक संख्यामानिनेछ ।

(झ) प्रदेश सभाकालागि ३० दिनअगावै प्रस्तावसहितको जानकारी यथासम्भव शीघ्र सञ्चारको माध्यमबाट प्रदेश सभासदहरूलाई दिनु पर्नेछ । तर, विशेष प्रदेश सभाबोलाउनुपर्दा कम्तीमा १५ दिनको सूचनादिनु पर्नेछ । यस्तो सभामा प्रस्तावितविषयमामात्र छलफल र निर्णय हुनेछ ।

(ञ) प्रदेश सभामाउपस्थित सदस्यको बहुमतबाट पारित निर्णय कार्यान्वयन गर्नु प्रदेश समितिको दायित्वहुनेछ ।

(ट) प्रदेश सभाको निर्णय पुस्तिकामाप्रदेश समितिकाअध्यक्ष, सचिवतथाप्रदेशसभाले तोकेको कम्तीमातीनजनाप्रदेश सभासदले हस्ताक्षर गरी प्रमाणित गरेको मूल अभिलेख नै निर्णय मानिनेछ ।

(ठ) प्रदेश समितिले आफूले पेश गर्नु पर्ने र सदस्यहरूबाट प्राप्त प्रस्तावहरू अध्ययन गरी प्रदेश सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(ड) प्रदेश समितिकाअध्यक्षले प्रदेश सभाको अध्यक्षता गर्नेछ। तर अधिवेशनको बन्द सत्रको सञ्चालनकालागि अध्यक्षमण्डल गठन गर्न सकिनेछ ।

(ढ) प्रदेश सभाको निर्णयको प्रमाणित प्रतिलिपि सो सभा सम्पन्नभएको मितिले बढीमा सात दिनभित्र केन्द्रीयकार्यालयमा प्रस्तुत गर्नुपर्ने छ ।

(ण) हरेक तीनवर्षमाप्रदेश सभाको अधिवेशनहुनेछ ।

(त) प्रदेश कार्यसमितिमानिम्नानुसार गठन हुनेछ :

अध्यक्ष १, उपाध्यक्ष १, उपाध्यक्ष (महिला)१, उपाध्यक्ष समावेशी १, महासचिव १, सचिव १, सचिव (महिला) १ ,सचिव (समावेशी)१, कोषाध्यक्ष १ गरी ९ पदाधिकारी र सदस्यहरू खुला ५, महिला ४, दलित १, आदिवासी जनजाति एक महिलासहित २, मधेशी २मध्ये १ महिला र यौनिक अल्पसंख्य,अपांगता २ मध्ये १ महिला गरी कुल २५ सदस्य निर्वाचित हुनेछन्। यस दफाको प्रयोजनका लागि अल्पसंख्यक भन्नाले मुस्लिम, अपांगता र अन्य पहिचान भएका व्यक्ति समेतलाई जनाउने छ ।

**(थ) प्रदेश लेखा समिति :**

प्रदेश लेखा समिति एक संयोजक सहित तीन सदस्यीय हुनेछ । प्रदेश लेखा समितिले प्रदेश कार्यसमितिको आर्थिक आयव्ययको विवरणका विषयमा अनुगमन तथा कार्यसमितिले गराउने लेखा परिक्षण प्रतिवेदनको प्रमाणीकरण गर्नेछ । लेखासमितिको संयोजक र सदस्य बन्न पदाधिकारी र सदस्य सरहको योग्यता आवश्यक हुनेछ ।

**(द) प्रदेश सल्लाहकार समिति**

निवर्तमानअध्यक्ष, अध्यक्षपदका निकटतम प्रतिद्वन्द्वी गरी दुइजना समितिको पदेन सल्लहकार हुनेछन् । सल्लाहकार समितिमापूर्वअध्यक्ष, वरिष्ठ पत्रकार र विशेषज्ञता हासिल गरेका व्यक्तिहरु मध्येबाट बढिमा ३ गरी ५ सदस्य रहनेछन् ।

## १५. केन्द्रीय सभा वा महाधिवेशन

केन्द्रीय सभायुनियनको सर्वोच्च निकायहुनेछ। केन्द्रीय सभा (महाधिवेशन)ले युनियनको केन्द्रीय समिति चयन, नीतिनिर्माण तथाकार्यक्रम तय गर्नेछ। महाधिवेशनको घोषणा केन्द्रीय समितिले तीनवर्ष हुनु तीनमहिना अघि नै सार्वजनिक गर्नुपर्नेछ ।

**केन्द्रीय सभा (महाधिवेशनमा) देहायका सदस्य रहनेछन्:**

(क) गठित हरेक शाखा, प्रतिष्ठान शाखाबाट साधारण सदस्य संख्याको ७ जना बराबर एक जनाको संख्यामा महाधिवेशन प्रतिनिधि छानिने छन् । तर महिला सदस्यको हकमा भने ५ महिला बराबर एकजना महाधिवेशन प्रतिनिधिको व्यवस्था रहने छ । यसरी हिसाब गर्दा दशमलवमा आउने संख्यामा ०.५ भन्दाबढी आएमा थप १ प्रतिनिधि छानिने छन् ।

(ख) यो विधान बमोजिम केन्द्रीयसमितिका पदाधिकारी तथा केन्द्रीय सदस्यहरु स्वत केन्द्रीय प्रतिनिधि रहनेछन ।

(ग) संस्थाका पूर्वकेन्द्रीय अध्यक्षहरु र संस्थापकहरु पदेन केन्द्रीय प्रतिनिधि रहनेछन ।

(घ) युनियनको प्रत्येक शाखा तथा संस्थागत सदस्य संस्थाका अध्यक्ष केन्द्रीय सभाका सभासद हुनेछन् ।

(ङ) महाधिवेशनमा पदाधिकारी वा प्रतिनिधि चयनमा शाखाहरुले ३३ प्रतिशत महिला सदस्यलाई प्राथमिकता दिनुपर्ने छ ।

(च) महाधिवेशन प्रतिनिधिहरुको नाम र संख्या शाखा अधिवेशनको एक महिना भित्र केन्द्रीय सचिवालयमा दिनुपर्नेछ । विशेष अवस्थामा शाखा वा प्रतिष्ठानबाट महाधिवेशन तोकिएको मितिले १५ अघिसम्म केन्द्रीय सचिवालयमा नबुझाउने शाखा एकपटकका लागि महाधिवेशनमा सहभागि हुन पाउनेछैनन् ।

(छ) प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरु केन्द्रीय समिति निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

(ज) आमसञ्चारमाध्यमसँग सम्बन्धित विशेषज्ञलाई युनियनको केन्द्रीय समितिको निर्णयले कार्यकारिणी सभामा आमन्त्रित गरी छलफलमा सहभागी गराउन सकिनेछ । तर उनीहरूलाई मतदानको अधिकार हुने छैन ।

(झ) सभा बोलाउँदा कम्तिमा एक महिना अगावै सभा बस्ने स्थान र मिति युनियनका सबै प्रदेश, शाखा वा प्रतिष्ठानलाई सञ्चारका विभिन्न माध्यमबाट जानकारी दिनुपर्ने छ ।

(ञ) केन्द्रीय सभाको गणपूरक संख्या ५१ प्रतिशत हुनुपर्नेछ । केन्द्रीय सभा हुने तोकिएको दिनमा गणपूरक संख्या नपुगेमा, कम्तीमा २४ घण्टाको सूचना दिई अर्को केन्द्रीय सभा बोलाउन सकिनेछ । यसरी बोलाइएको सभामा कुल सभासदको कम्तीमा २५ प्रतिशत उपस्थिति हुनु पर्नेछ । यस्तो सभामा उपस्थित सभासद संख्यालाई नै गणपूरक संख्या मानिनेछ ।

(ट) केन्द्रीय समितिको परामर्शमा अथवा कार्यसम्पादन समितिबाट अनुमोदन गर्ने गरी युनियनका केन्द्रीय अध्यक्षले वरिष्ठ पत्रकार, महिला, जनजाति, दलित र मधेशी एवं समावेसी समुदायबाट

कम्तीमा एक-एकजना पर्ने गरी बढीमा २० जनासम्म साधारण सदस्यहरुलाई महाधिवेशन प्रतिनिधिमा मनोनित गर्न सक्नेछ । यस्ता प्रतिनिधिलाई उम्मेदवारी दिने अधिकार भने हुनेछैन ।

(ठ) एक महाधिवेशनपछि अर्को महाधिवेशनका बीचमा कम्तीमा एकपटक केन्द्रीय विधान सभाको बैठक हुनेछ । यसलाई केन्द्रीय साधारण सभासँगै वा अलग्गै गर्ने निर्णय केन्द्रीय समितिले गर्ने छ । साधारणसभाले महाधिवेशनले लिएको नीति पुनर्विचार गर्न तथा नयाँ नीति नियम लागू गर्न सक्नेछ ।

(ड) केन्द्रीय समितिको निर्णय वा केन्द्रीय सभाका एक तिहाई सदस्यले प्रयोजन खुलाई सभा बोलाइयोस् भनी केन्द्रीय कार्यालयमा लिखितरुपमा माग गरेको खण्डमा तीन महिनाभित्र विशेष केन्द्रीय सभा बोलाउनु पर्नेछ । तर, यस्तो सभा एक वर्षमा एकपटक भन्दा बढी हुने छैन ।

(ढ) केन्द्रीय सभाका लागि ३० दिनअगावै प्रस्तावसहितको जानकारी यथासम्भव शीघ्र सञ्चारको माध्यमबाट केन्द्रीय समितिले सभासदहरूलाई दिनु पर्नेछ । तर, विशेष केन्द्रीय सभा बोलाउनुपर्दा कम्तीमा १५ दिनको सूचना दिनु पर्नेछ । यस्तो सभामा प्रस्तावित विषयमा मात्र छलफल र निर्णय हुनेछ ।

(ण) केन्द्रीय सभा वा विशेष केन्द्रीय सभामा उपस्थित सभासदको बहुमतबाट पारित निर्णय कार्यान्वयन गर्नु केन्द्रीय समिति र मातहतका समितिहरुको दायित्व हुनेछ ।

(त) केन्द्रीय सभाको निर्णय पुस्तिकामा अध्यक्ष, महासचिव तथा साधारणसभाले तोकेको कम्तीमा तीन जना सभासदले हस्ताक्षर गरी प्रमाणित गरेको मूल अभिलेख नै निर्णय मानिनेछ ।

(थ) केन्द्रीय समितिले आफूले पेश गर्नु पर्ने र सभासदहरूबाट प्राप्त प्रस्तावहरू अध्ययन गरी केन्द्रीय सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(द) युनियनको अध्यक्षले केन्द्रीय सभाको अध्यक्षता गर्नेछ । तर महाधिवेशनको बन्दसत्रको सञ्चालनका लागि अध्यक्षमण्डल गठन गर्न सकिनेछ ।

(ध) एक महाधिवेशन देखि अर्को महाधिवेशनसम्मको अवधी तीन वर्षको हुनेछ । असाधारण अवस्थाका कारण महाधिवेशन सम्भव नभएमा महाधिवेशन प्रयोजनका लागि केन्द्रीय समितिले थप ६ महिना प्राप्त गर्नेछ । थप छ महिनामा पनि महाधिवेशन गराउन नसके केन्द्रीय समिति असफल भएको ठहर्नेछ ।

१६. **महाधिवेशनको काम,कर्तब्यः**

(क) केन्द्रीय समितिको तर्फबाट सांगठनिक प्रतिवेदन र लेखा परीक्षण गरिएको आय–व्ययको हिसाबमाथि छलफल र निर्णय गर्ने ।

(ख) नियमानुसार प्रस्तुतहुनआएका प्रस्तावमाथि छलफल र निर्णय गर्ने ।

(ग) केन्द्रीय समितिको निर्वाचन गर्ने ।

(घ) नियम र विधानअन्तर्गत रहियुनियनको नीति र कार्यक्रमनिर्धारण गर्ने ।

१७. **विशेष महाधिवेशन :**

केन्द्रीय समितिले आवश्यक ठहर्‍याएमा वातत्कालकायम रहेका महाधिवेशनप्रतिनिधि संख्यामध्ये ३३ प्रतिशतले लिखितरुपमामाग गरेमाविशेष महाधिवेशनबोलाउन सक्नेछ । तर महाधिवेशनभएको ६ महिनानपुग्दै विशेष महाधिवेशनबोलाउन केन्द्रीय समितिबाध्यहुँनेछैन ।

१८. **अध्यक्षता र निर्णय :**

युनियनको केन्द्रीयअध्यक्षले महाधिवेशनको अध्यक्षता गर्नेछन् । विधानमाअन्यथाव्यवस्थाभएको अवस्थामाबाहेक महाधिवेशनमा पेश भएका प्रस्तावमाथि छलफल भई उपस्थितमहाधिवेशनप्रतिनिधिको मत विभाजनगर्दा बराबर मत भएमाअध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

१९. **मताधिकार :**

मानार्थ सदस्यलाई महाधिवेशनमामताधिकार हुने छैन ।

२०. **महाधिवेशनको माइन्यूट**

युनियनको महाधिवेशनको काम, कारबाही र निर्णयहरु, सहभागीहरुको नाम, प्रस्तुत प्रस्तावहरु छुट्टै एक माइन्यूट बुकमा लेख्नुपर्ने छ । त्यसमाअध्यक्ष, महासचिवका साथै महाधिवेशनप्रतिनिधिमध्ये कुनै ३ जनाले हस्ताक्षर गर्नुपर्नेछ ।

**२१. केन्द्रीय समितिको गठन**

अध्यक्ष–१जना।

वरिष्ठ उपाध्यक्ष– १ जना।

उपाध्यक्ष (खुल्ला)–२, उपाध्यक्ष (महिला) १, उपाध्यक्ष (समावेशी) १, उपाध्यक्ष - सात प्रदेशबाट प्रतिनिधित्व गर्ने ७ र उपत्यकाबाट १ गरी **१२ जना** ।

महासचिव–१ जना।

उप–महासचिव (खुल्ला)– ३, महिला–२ र समावेसी -१, गरी **६ जना** ।

सचिव (खुल्ला)–३, सचिव (महिला)–२, (आदिवासी/जनजाति)-१ सचिव (मधेसी)–१, सचिव (दलित) १, सचिव (पिछडीएको) क्षेत्र १, सचिव (थारु)–१, सचिव (खस/आर्य)–१ गरी **११ जना** र

कोषाध्यक्ष–१ जना

**केन्द्रीय सदस्य**

(खुल्ला)–१५ जना,

महिला (खुला) -६ जना।

मधेशी समुदायबाट प्रतिनिधित्व हुनेगरी कम्तिमा दुई महिलासहित-५ जना।

आदिवासि/जनजाति समुदायको प्रतिनिधित्व हुनेगरी कम्तिमा दुई महिलासहित ५ जना।

खस/आर्य समुदायको प्रतिनिधित्व हुनेगरी कम्तिमा दुई महिलासहित ५ जना।

थारु समुदायको प्रतिनिधित्व हुनेगरी कम्तिमा १ महिलासहित ३ जना।

दलित समुदायको प्रतिनिधित्व हुनेगरी कम्तिमा एक महिलासहित ३ जना ।

पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व हुनेगरी कम्तिमा एक महिलासहित ३ जना ।

यौनिक तथा लैंगिक अल्पसंख्यकसहित अल्पसंख्यक समुदायबाट एक महिलासहित २ जना ।

अपांगता भएका ब्यक्तिको प्रतिनिधित्व हुनेगरी कम्तिमा १ जना।

सात प्रदेश र उपत्यका प्रत्येकबाट कम्तिमा २ महिलासहित ४ जना गरी जम्मा **३२ जना**

**मनोनित सदस्य :**

महाधिवेशन प्रतिनिधिहरु मध्येबाट समावेसी सिद्धान्तका आधारमा अध्यक्षले निर्वाचित कार्यसमितिको २० प्रतिशतसम्म केन्द्रीय सदस्यमनोनित गर्न सक्ने छ । त्यसरी गरिएको मनोनयन गरिएका केन्द्रीय सदस्यहरुको नामावली कार्यसम्पादन समितिबाट अनुमोदन गराउनुपर्नेछ ।

**२२. केन्द्रीय लेखा समिति** :

केन्द्रीय लेखा समिति १ संयोजक र २ महिलासहित ५ सदस्यीय हुनेछ । लेखा समितिको संयोजक पदाधिकारी सरह र लेखा समिति सदस्य केन्द्रीय सदस्य सरह हुनेछ । लेखा समितिले केन्द्रीय कार्यसमितिको आर्थिक आय-व्यवयको विवरणका विषयमा अनुगमन तथा कार्यसमितिले गराउने लेखा परिक्षण प्रतिवेदनको प्रमाणीकरण गर्नेछ । लेखासमितिको संयोजक र सदस्य बन्न केन्द्रीय पदाधिकारी

र सदस्य सरहको योग्यता आवश्यक हुनेछ । लेखा समितिलाई केन्द्रीय समितिमा आमन्त्रित गर्दा मात्र बैठकमा सहभागिता रहनेछ ।

**२३. केन्द्रीय सल्लाहकार समिति**

निवर्तमानअध्यक्ष, अध्यक्षपदका निकटतम प्रतिद्वन्द्वी गरी दुईजना समितिको पदेन सल्लाहकार हुनेछन् । सल्लाहकार समितिमा पूर्वअध्यक्ष, वरिष्ठ पत्रकार र विशेषज्ञता हासिल गरेका व्यक्तिहरु मध्येबाट बढिमा ५ गरी ७ सल्लाहकार समिति रहनेछन् । सल्लाहकारहरुको मतदान गर्ने बाहेकका सबै अधिकार कार्यसमितिका सदस्य सरह हुनेछ ।

**२४. परामर्श समिति**

अध्यक्षले आवश्यकताका आधारमा एक परामर्श समिति गठन गर्न सक्नेछ ।

**२५.उम्मेदवारको योग्यता**

केन्द्रीय अध्यक्षका लागि १० वर्ष अघिदेखि निरन्तर साधारण सदस्य रहेको अथवा कम्तिमा एक कार्यकाल केन्द्रीय कार्यसमितिमा काम गरेको, पदाधिकारीको हकमा ८ वर्ष अघिदेखि निरन्तर साधारण सदस्य रहिरहेको, केन्द्रीय सदस्यको हकमा पाँच वर्ष अघिदेखि निरन्तर रुपमा युनियनको साधारण सदस्य रहेको हुनुपर्नेछ ।

**परिच्छेद - ५**

## भेला र अविश्वासको प्रस्ताव

**२६. राष्ट्रिय तथाप्रादेशिक सम्मेलन :**

(क)केन्द्रीय समितिले कार्यकालभरी कम्तीमा एकपटक प्रदेश समितिका पदाधिकारी तथा विभिन्न शाखा तथा प्रतिष्ठानबाट अध्यक्षहरू सहभागी गराई राष्ट्रिय सम्मेलन आयोजना गर्न सक्नेछ ।

(ख) प्रदेश समितिले एक अवधिमा कम्तीमा एक पटक प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू, विभिन्न शाखाका अध्यक्ष, सचिव र कोषाध्यक्षको प्रादेशिक सम्मेलन आयोजना गर्न सक्नेछ । प्रत्येक शाखाबाट अध्यक्ष, सचिव र कोषाध्यक्ष बाहेक शाखा अध्यक्षले मनोनित गरेका कम्तिमा एक महिलासहित ३ जना र १०० भन्दा बढि साधारण सदस्य रहेको शाखामा दुई महिलासहित ५ जना केन्द्रीय विधानसभामा सहभागी हुनेछन् ।

(ग) यी भेलाका निष्कर्ष, पारित प्रस्ताव तथा कार्यक्रमलाई केन्द्रीय वा प्रदेश समितिले कार्यान्वयन गर्नुपर्ने छ ।

**२७. अविश्वासको प्रस्ताव :**

(क) युनियनको केन्द्रीय समितिवाकुनै पदाधिकारी वा सदस्यका विरुद्ध एक तिहाइ सभासदले कारण खुलाई हस्ताक्षर गरी युनियनको केन्द्रीयकार्यालयमाअविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् ।

(ख) त्यस्तो प्रस्तावदर्ता भएपछि केन्द्रीय समितिले ३५ दिनभित्रविशेष साधारण सभाबोलाई सो प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ग) सिङ्गो समितिवा समितिकाकुनै पदाधिकारी वा सदस्यले आफूलाई लागेको अभियोगका सम्बन्धमा स्पष्टीकरण दिनपाउनेछ र यस्तो स्पष्टीकरणबाट सन्तुष्ट भएमा सभाले प्रस्तावफिर्ता लिन सक्नेछ ।

(घ) प्रस्तावफिर्ता नभएमायसलाई मतदानमालगिनेछ । केन्द्रीय सभाकादुई तिहाई सदस्यले समर्थन जनाएमा प्रस्तावपारित भएको मानिनेछ । यसरी सिंगो समितिविरुद्ध प्रस्तावपारित भएमाबाँकीअवधिकालागितीनदिनभित्रनयाँनिर्वाचन गर्नुपर्नेछ । निर्वाचननहुञ्जेलसम्मकुनै पदाधिकारीविरुद्ध अविश्वासको प्रस्तावपारित भएमा वैकल्पिक वैधानिकव्यवस्था नरहेका हकमा समितिबाट तोकिएबमोजिमहुनेछ ।

(ङ) अध्यक्ष उपर अविश्वासको प्रस्ताव पेश भएको अवस्थामाविशेष साधारण सभाको अध्यक्षतावरिष्ठ उपाध्यक्षले गर्नेछ । समितिविरुद्ध अविश्वासको प्रस्ताव पेश भएको अवस्थामा केन्द्रीय सभाका जेष्ठ सदस्यले त्यस्तो अध्यक्षता गर्नेछ ।

(च) युनियनको प्रदेश समिति वा प्रदेश समितिका कुनै पदाधिकारी वा सदस्यका विरुद्ध सम्बन्धित प्रदेशका एक तिहाइ साधारण सदस्यले कारण खुलाई हस्ताक्षर गरी युनियनको प्रदेश कार्यालयमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् । त्यस्तो प्रस्ताव दर्ता भएपछि प्रदेश समितिले ३५ दिनभित्र विशेष साधारण सभा बोलाई सो प्रस्ताव पेश गर्नुपर्नेछ । प्रदेश विशेष साधारण सभाको दुइतिहाइ बहुमतले सो प्रस्ताव स्वीकृत गरेमा ३ दिन भित्र अविश्वास प्रस्ताव उपर मतदानका लागि प्रदेश साधारण सदस्य समक्ष लगिने छ । कुल खसेको मतको दुई तिहाइ मत प्रस्तावको पक्षमा प्राप्त भएमा अविश्वासको प्रस्ताव पारित भएको मानिने छ । त्यस्तो अवस्थामा सिंगो कार्यसमिति विरुद्धको भए केन्द्रीय समितिले अन्तरिम व्यवस्था गरी एक वर्षभन्दा बढी अवधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि नयाँ निर्वाचन गराउने छ । कुनै पदाधिकारीको पद रिक्त भए प्रदेश समितिले विधानबमोजिम पदपूर्ति गर्ने छ ।

(छ) प्रदेश समिति तथा शाखा र संस्थागत समितिको अविश्वास प्रस्ताव सम्बन्धी अन्य प्रक्रियाहरू यसै परिच्छेदमा भएको व्यवस्था बमोजिम हुने छन् ।

# परिच्छेद - ६

## समिति

**२८. समितिको गठन र गठन विधि :**

**(१) शाखा, प्रतिष्ठान शाखातथा संस्थागत समिति :**

युनियनको शाखा, प्रतिष्ठान शाखा र उपशाखा संस्थागत सदस्य संस्था समितिहरूलाई व्यवस्थित र विधिसम्मततवरले सञ्चालन गर्न निर्वाचित समितिहरू हुने छन्। तिनको गठन यस प्रकार हुनेछ :

(क) शाखामा मतदानद्वारा अध्यक्ष१, उपाध्यक्ष १ खुल्ला, समावेशी/महिला १, सचिव १, कोषाध्यक्ष १, सहसचिव १ महिला मात्र, सदस्य ९ मध्ये खुल्ला ३, महिला २, जनजाति/आदिबासी २ मध्ये १ महिला, मधेसी १ र पिछडिएको/अपाङ्गता/अल्पसंख्यक १ सदस्यसहितको समिति गठन गरिनेछ। तोकिएको क्लस्टरको प्रतिनिधित्व नभएको खण्डमा अन्य समुदायबाट प्रतिनिधित्व गराउन बाधा हुनेछैन।

(ख) सदस्य संख्याका आधारमा समितिका सदस्यको संख्या निर्धारण गरिनेछ। सदस्य संख्या १५ जनाभन्दा कम भएमा ३३ प्रतिशत महिला र समावेशीता सिद्धान्तलाई ध्यान दिदै ९ सदस्यीय समिति गठन हुनेछ। १५ जना देखि ५० जनासम्म सदस्य भएमा १५ सदस्यीय कार्यसमिति हुनेछ। ५० भन्दा माथि भएमा ३३ प्रतिशत महिला र समावेशी सिद्धान्तलाई ध्यान दिदै प्रत्येक थप ५० मा दुई सदस्य थप्न सकिनेछ।

(ग) महिला, दलित, जनजाति, मधेशी वा अन्य समावेशी सदस्य नरहेको शाखाका हकमा अनिवार्यताको प्रावधान लागू हुने छैन। तर ती समुहका सदस्य एकजना मात्र भएपनि प्रतिनिधित्व सुनिश्चित गरिनेछ। सबै समुहबाट सदस्य बनाउन प्रेरित गरिनेछ।

(घ) शाखा अध्यक्ष हुन कम्तीमा निरन्तर ५ वर्ष सदस्य रहेको वा कार्य समितिमा कम्तिमा एकपटक पदाधिकारी भएको हुनुपर्नेछ। सभासद हुन ४ वर्ष युनियनको सदस्य भएको हुनुपर्छ। नयाँ शाखाको हकमा यो प्रावधान लागू हुने छैन। यस्तै पदाधिकारी उम्मेदवार बन्नका निम्ती कार्य समितिमा एक पटक प्रतिनिधित्व गरेको हुनुपर्नेछ।

(ङ) निवर्तमान अध्यक्ष, त्यसअघिका पूर्वअध्यक्ष र समितिको निर्वाचनमा अध्यक्ष पदका निकटतम प्रतिद्वन्द्वी गरी तीनजना समितिका पदेन सल्लाहकार रहनेछन्। उनीहरूको बैठकमा मतदान गर्ने बाहेकका सबै अधिकार समितिका सदस्य सरह हुनेछ।

**(२) प्रदेश समिति :**

युनियनमा राज्यले निर्धारण गरेअनुरूप प्रत्येक भौगोलिक प्रदेशमा एक-एक गरी७ तथा काठमाडौं उपत्यका तीन जिल्ला र उपत्यका भित्रका सञ्चारप्रतिष्ठान शाखाहरु समेत समावेश भएको १ गरी कुल ९ पदाधिकारीसहित समिति रहने छन्। प्रदेश समितिको गठन यस प्रकार हुनेछ :

(क) प्रदेश महाधिवेशनमा निर्वाचित प्रदेश महाधिवेशन प्रतिनिधिको सहभागिता रहनेछ ।

(ख) प्रदेश समितिमा प्रतिनिधिद्धारा निर्वाचित अध्यक्ष १, उपाध्यक्ष १, उपाध्यक्ष (महिला)१, उपाध्यक्ष समावेशी १, महासचिव १, सचिव १, सचिव (महिला) १, सचिव (समावेशी) १, कोषाध्यक्ष १ गरी ९ पदाधिकारी र सदस्यहरू, खुला प्रतिस्पर्धाबाट निर्वाचित ५, महिला ४, दलित १, आदिवासी जनजाति कम्तिमा एक महिलासहित २, मधेशी कम्तिमा एक महिलासहित २र अल्पसंख्यक/अपांगता २ मध्ये १ महिला गरी कुल २५ सदस्य निर्वाचित हुनेछन् । यस बाहेक अध्यक्षले ५ जना सदस्य मनोनित गर्नेछन् । मनोनितको प्रस्ताव कार्यसमितिले अनुमोदन गर्नुपर्नेछ ।

यस दफाको प्रयोजनका लागि अल्पसंख्यक भन्नाले मुस्लिम, अपांगता र अन्य पहिचान भएका व्यक्ति समेतलाई जनाउने छ ।

(ख) आरक्षिततर्फ कुनै पदाधिकारी वा सदस्यमा उम्मेदवारी कायम नरहेको अवस्थामा सो संख्या स्वतः खुलामा थप गरी संख्या कायम गरेर निर्वाचन गराइने छ ।

(ग) यस उपदफा बमोजिम गठन हुने प्रदेश समितिको अध्यक्षको निर्वाचनमा उम्मेदवार हुन कम्तीमा ७ वर्ष र बाँकी अरू पदका लागि ५ वर्षदेखि युनियनको अविच्छिन्न सदस्य रहेको हुनु पर्नेछ ।

(घ) सचिवालय समिति : अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष पदेन रहने र कार्यसमितिबाट ३ जना मनोनित गर्ने गरी ७ सदस्यीय सचिवालय समिति रहनेछ ।

(ङ) अनुशासन विभाग : वरिष्ठ उपाध्यक्षको संयोजकत्वमा १३ सदस्यीय अनुशासन समिति रहने छ । महासचिवको अध्यक्षतामा १५ सदस्यीय संगठन विभाग रहने छ । आर्थिक, अन्तर्राष्ट्रिय सम्बन्ध, प्रशिक्षण, आचारसंहिता तथा अनुगमन, प्रचार विभागका साथै अन्य विभागहरु पनि आवश्यकता अनुसार गठन गर्न सकिने छ ।

(च) सल्लाहकार समिति : अध्यक्षका निटकतम प्रतिस्पर्धी, निवर्तमान अध्यक्ष र वरिष्ठ पत्रकार पाँच जना रहेको सात सदस्यीय सल्लाहकार समिति केन्द्रीय समितिको बैठकबाट गठन गरिने छ ।

(छ) यसरी गठित समितिको पदावधि सामान्यतया तीन वर्षको हुनेछ ।

(ज) विशेष परिस्थितिको सिर्जना भएमा केन्द्रीय कार्य समितिले बढीमा एकवर्ष केन्द्रीय समितिको पदावधि बढाउन सक्नेछ ।

(झ) वरिष्ठ पत्रकारहरु रहेको एक परामर्श समिति गठन गर्न सकिने छ ।

३०. **केन्द्रीयकार्य सम्पादन समिति :**

अध्यक्षको संयोजकत्वमा सबै पदाधिकारीहरु रहेको केन्द्रीयकार्य सम्पादन समिति गठन गरिनेछ ।

३१. **केन्द्रीय सचिवालय** :अध्यक्षलेअध्यक्षको नेतृत्वमावरिष्ठ उपाध्यक्ष, महासचिव र कोषाध्यक्षअनिवार्य रहनेगरी ९ सदस्यीय सचिवालय गठन गरिनेछ ।

३२. **विभागहरु :** विधानले तोकेका केन्द्रीयअनुशासन, संगठन विभागसहित केन्द्रीय समितिलेृ तोकेबमोजिमविभागहरु गठन गर्न सकिनेछ ।

**२७. समितिको बैठक**

अध्यक्षले तोकेको मिति, स्थान र समयमा केन्द्रीय समितिको बैठक वर्षमाकम्तीमातीन पटक बस्नेछ । समितिको बैठकमा पेश भई छलफल गरिएका प्रस्तावहरुमध्ये उपस्थित सदस्यहरुको बहुमतले प्रस्ताव स्वीकृत गरिनेछ । मत बराबर भएमाअध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

**२८. गणपुरक संख्याः**

समितिको कुल सदस्य संख्याको ५१ प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थितभएमा गणपूरक संख्यामानिने छ ।

**२९. पद समाप्ति र रिक्त स्थानपूर्ति**

निम्नलिखितअवस्थामा सदस्यता समाप्तहुनेछ ।

(क) कुनैपनिप्रकारले युनियनको सदस्यता समाप्तभएमा ।

(ख) राजीनामादिएमा ।

(ग) मानसिक सन्तुलनगुमाएमावा मृत्यु भएमा ।

(घ) पूर्वसूचनाबिना समितिको बैठकमा लगातार तीन पटकसम्म अनुपस्थितभएमा समितिले निजलाई हटाउने निर्णय गर्नसक्नेछ ।

(ङ) कुनै सदस्यमाथिअविश्वासको प्रस्तावआई समितिकाउपस्थित सदस्य संख्याको दुई तिहाइले प्रस्तावको पक्षमा मत दिएमा ।

(च) तर, त्यसरी कुनै सदस्यलाई बर्खास्त गर्नु अघि उसलाई स्पष्टीकरण दिने मौका भने दिइने छ ।

(छ) समितिको पदाधिकारीको सदस्यता समाप्तभएमावा स्थान रिक्त भएमाबाँकीअवधिकालागिअध्यक्षले केन्द्रीय समितिको परामर्शमा समितिका सदस्यहरुमध्येबाट बाँकीअवधिकालागिजिम्मेवारी तोक्न सक्नेछ ।

**३०. समितिको कार्य अवधि**

(क) समितिको कार्यवधितीनवर्षको हुनेछ । तर विशेष परिस्थितिमा केन्द्रीय समितिको निर्णयमा बढीमा एक वर्षसम्मकालागिपदावधिथप गर्न सकिनेछ ।

(ख) एउटै व्यक्तिलगातार दुई पटकभन्दा बढी कुनैपनितहको अध्यक्षबन्नपाउने छैन ।

## परिच्छेद - ७

### ३१.समितिको काम, कर्तव्य र अधिकार :

(१) केन्द्रीय समितिको कर्तव्य एवं अधिकार देहायबमोजिमहुनेछः

(क) आमसञ्चार माध्यममाकार्यरत श्रमजीवीपत्रकारहरुको हक, हित र सम्मानको रक्षा गरी उनीहरुको सर्वाङ्गीण विकासमाक्रियाशील रहने

(ख) नेपाल ट्रेड युनियनकाँग्रेससँग वैचारिक ऐक्यवद्धताका साथ स्वायत्त र सशक्तप्रजातान्त्रिक संस्थाको रुपमाविकसित गर्ने

(ग) पत्रकारिता क्षेत्रसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमाक्रियाशील संघ संस्थाहरूसँग सम्बन्धविस्तारका लागिआवश्यककार्य गर्ने,

(ङ) केन्द्रीय सभाले पारित गरेका निर्णय कार्यान्वयन गर्ने,

(च) युनियनको वार्षिक कार्यक्रमतथावार्षिक बजेट तय गरी कार्यान्वयन गर्ने,

(छ) युनियनको प्रदेश समिति, शाखातथा प्रतिष्ठान समितिवा संस्थागत समितिहरूकाबीच समन्वय र सहजीकरणका लागिआवश्यक नेतृत्वप्रदान गर्ने,

(ज) युनियनको उद्देश्य प्राप्तिकालागिआवश्यक नेतृत्वप्रदान गर्ने ।

(झ) युनियनकर्मी तथानवप्रवेशीपत्रकारका लागितालिमतथाव्यवसायिकक्षमताविकासकासकाकार्यक्रम संचालन गर्ने ।

**(२) प्रदेश समितिको काम, कर्तव्य एवं अधिकार देहायबमोजिमहुनेछः**

(क) प्रदेश भित्रश्रमजीवीपत्रकारहरूको दक्षताअभिवृद्धि, आचारसंहिताको पालना, उचितश्रम अभ्यास, सामूहिक सौदावाजी र पेशागततथाभौतिक सुरक्षाको निम्तिव्यावसायिक नेतृत्व र कार्यक्रमको सञ्चालन गर्ने,

(ग) पत्रकारिता क्षेत्रसँग सम्बन्धितविषयमा राज्यकाप्रदेश स्तरका निकायमाआवश्यक समन्वय र प्रतिनिधित्व गर्ने ।

(घ) प्रदेशअन्तर्गतका समितिकाकामकारबाहीको नियमन, नियमित सुपरिवेक्षण र निर्देशन गर्ने,

(ङ) केन्द्रीय समितिसँगनियमित समन्वय गर्ने, प्रदेश सभाले पारित गरेका निर्णय र केन्द्रीय सभावा केन्द्रीय समितिले निर्धारण गरेका नीतिहरू कार्यान्वयन गर्ने ।

(च) प्रदेशको वार्षिक कार्यक्रमतथावार्षिक बजेट तय गरी कार्यान्वयन गर्ने,

(ज) प्रदेश समितिअन्तर्गतकाकुनै समितिकाकुनै पदाधिकारी वा सदस्यवा साधारण सदस्यले युनियनको विधानको स्पष्ट उल्लंघन हुने काम गरेमा सम्बन्धित समिति, पदाधिकारी वा सदस्यलाई स्पष्टीकरण सोध्ने ।

(३) **शाखा, प्रतिष्ठान शाखा र विदेशस्थित शाखाको काम, कर्तव्य एवं अधिकार देहायबमोजिमहुनेछ :**

(क) शाखाअन्तर्गतकापत्रकारको हकहित र व्यवसायिकपत्रकारिताको विकासकालागिक्रियाशील रहने ।

(ख) शाखाअन्तर्गतकापत्रकारहरूलाई समन्वय र परिचालन गर्ने ।

(ग) स्थानियस्तरका निकायमाआवश्यक समन्वय र प्रतिनिधित्व गर्ने ।

(घ) वार्षिक कार्यक्रमतथावार्षिक बजेट तय गरी कार्यान्वयन गर्ने,

(ङ) युनियनको सदस्यता सम्बन्धी निर्णय गरी माथिल्लो निकायमासिफारिस गर्ने ।

(च) शाखाअन्तर्गतकाकुनै समितिवा समितिकाकुनै पदाधिकारी वा सदस्यवा साधारण सदस्यले युनियनको विधानको स्पष्ट उल्लंघन हुने काम गरेमा सम्बन्धित समिति, पदाधिकारी वा सदस्यलाई स्पष्टीकरण सोध्ने र थप कारवाहीआवश्यकभए केन्द्रीयअनुशासन समितिलाई सिफारिस गर्ने ।

## परिच्छेद - ८

## केन्द्रीयकार्यसमितिकापदाधिकारीको काम, कर्तव्य र अधिकार

### ३२. अध्यक्षको काम, कर्तव्य र अधिकार

यो विधान र नियमको अधिनमा रही समितिको अध्यक्षको देहायबमोजिमकाम, कर्तव्य र अधिकार हुने छन् ।

(क) सभा र कार्यसमितिले गर्नुपर्ने ठहऱ्याएका कामहरुलाई कार्यान्वयन गर्ने/गराउने ।

(ख) सभातथा समितिको बैठकको अध्यक्षता गर्ने र मत बराबर हुँदा निर्णायक मत दिने,

(ग) युनियनको हीतलाई सर्वोपरि राखीश्रमजीवीपत्रकारको हकहिततथा सम्मान बृद्धि गर्ने कार्यमा नेतृत्वप्रदान गर्ने र त्यस निम्ति सदैव सक्रीय रहने ।

(घ) युनियनको उद्देश्य प्राप्तिको काम गर्ने, गराउने ।

(ङ) युनियनको दैनिककार्यक्रमतथाकार्यमाआइपर्न सक्ने आकस्मिककार्यमा नेतृत्वलिने, निर्देशनदिने ।

**३३. वरिष्ठ उपाध्यक्षको कामकर्तव्य र अधिकारः**

(क) अध्यक्षको अनुपस्थितिमा समिति र सभाको अध्यक्षता गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा गर्नुपर्ने दैनिकजिम्मेवारी पूरा गर्ने ।

(ग) समितिको सदस्यका हैसियतले गर्नुपर्ने काम गर्ने ।

(घ) उपाध्यक्षहरुबीच समन्वयकायम गराउने ।

**३४. उपाध्यक्षहरुको काम, कर्तव्य र अधिकार**

(क) आफ्नो क्षेत्रभित्रकाकाममाअन्य सदस्यहरुबीच समन्वय गर्ने गराउने ।

(ख)अध्यक्ष र वरिष्ठ उपाध्यक्षलाई आफ्नो क्षेत्रकागतिविधिबारे जानकारी गराउने, केन्द्रीय समितिको बैठकमा प्रतिवेदन प्रस्तुत गर्ने ।

(ग) केन्द्रीय समितिको बैठकमा उपस्थितहुने र केन्द्रीय समिति र आफ्नो क्षेत्रको समितिका निर्णयहरु कार्यान्वयन गराउने, युनियनको प्रभाव र गतिविधिविस्तार गर्ने ।

(घ) आफ्नो क्षेत्रकाविभिन्नकार्यक्रम र निकायमाप्रतिनिधित्व गर्ने ।

(ङ) केन्द्रीय समितिको सदस्यका हैसियतले गर्नुपर्ने कार्य गर्ने ।

**३५. महिलाउपाध्यक्षको काम,कर्तव्य र अधिकार**

(क) युनियनमा आवद्ध पत्रकार महिलालाई संठगित गर्ने, गराउने ।

(ख) युनियनको समग्र विकास र विस्तारमाक्रियाशील रहने ।

(ग) विनियमावलीअनुसार आवश्यकअन्यकामहरु गर्ने ।

**३६ समावेशीउपाध्यक्षको कामकर्तव्य र अधिकार**

(क) युनियनमा आवद्ध पत्रकार समावेशीतर्फ संगठित गर्ने, गराउने ।

(ख) युनियनको समग्र विकास र विस्तारमाक्रियाशील रहने ।

(ग) विनियमावलीअनुसार आवश्यकअन्यकामहरु गर्ने ।

**३७प्रदेशबाट प्रतिनिधित्व गर्ने उपाध्यक्षको कामकर्तव्य अधिकार :**

**(क) सम्बन्धीतप्रदेशको इन्जार्जको भूमिकानिर्वाह गरी प्रदेश र केन्द्रबीच समन्वय गर्ने गराउने ।**

(ख) केन्द्रीय समितिको बैठकमा उपस्थितहुने र केन्द्रीय समिति र आफ्नो प्रदशका निर्णयहरु कार्यान्वयन गराउने, युनियनको प्रभाव र गतिविधिविस्तार गर्ने ।

(ग) आफ्नो प्रदेशकाविभिन्नकार्यक्रम र निकायमाप्रतिनिधित्व गर्ने ।

(घ) केन्द्रीय समितिको सदस्यका हैसियतले गर्नुपर्ने कार्य गर्ने ।

**३८. महासचिवको काम, कर्तव्य र अधिकारः**

(क) संगठन सुद्रिढीकरण र विस्तारका लागिभूमिकानिर्वाह गर्ने ।

(ख) युनियनको कार्यालय सुचारु रुपले सञ्चालन गराउने ।

(ग) अध्यक्षसँग परामर्श गरी सभा र समितिको बैठक बोलाउने ।

(घ) समितिको बैठकबाट पारित भएको विषयको माइन्युट राख्ने र सबै शाखालाई परिपत्र गर्ने, संगठनका काम,कारबाहीनियमित बैठकमा जानकारी गराउने ।

(ङ) अध्यक्षको कार्यमा सहयोग गर्ने, संगठन विस्तार गर्ने ।

**३९. उप–महासचिवहरुको काम,कर्तव्य र अधिकार :**

(क) महासचिवको अनुपस्थितमानिजको कार्य गर्ने ।

(ख) महासचिवलाई समितिकाक्रियाकलापमा सहयोग गर्ने ।

(ग) विनियमावलीमातोकिएअनुसार युनियनको सचिवालयको कार्य व्यवस्थापनमा सहयोग गर्ने ।

**४०. सचिवहरुको काम, कर्तव्य र अधिकारः**

(क) महासचिववाउपमहासचिवको अनुपस्थितिमानिजको कार्य गर्ने ।

(ख) आभफूभन्दामाथिकापदाधिकारीलाई समितिकाक्रियाकलापमा सहयोग गर्ने ।

(ग) विनियमावलीमातोकिएअनुसार युनियनको सचिवालयको कार्य व्यवस्थापनमा सहयोग गर्ने ।

**४१. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) युनियनको आर्थिक कारोबार रेखदेख गर्ने ।

(ख) समितिमायुनियनको वार्षिक आयव्यय र त्यसको बाँडफाँड तथाविनियोजनसम्बन्धीविवरण पेश गराउने र स्वीकृत गराउने ।

(ग) सदस्यतातथाअन्यशूल्क उठाउने व्यवस्थापन गर्ने ।

**४२. प्रदेश समितिको काम, कर्तव्य र अधिकार**

(क) केन्द्रीयकार्यसमितिले गरेका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।

(ख) सभाले पारित गरेका निर्णयहरु कार्यान्वयन गराउनअध्यक्षलाई सहयोग गर्ने ।

(ग) प्रदेश समितिको वर्षमाकम्तीमा तीनवटा बैठक राख्ने रसंगठन विस्तारका लागि सक्रिय रहने ।

(घ) आफ्नो प्रदेशको गतिविधिलाई नियमन गर्ने ।

**४३. सदस्यहरुको काम, कर्तव्य र अधिकार**

(क) प्रदेश, केन्द्र र जिल्लातथाअन्यशाखासमितिका सदस्यहरूले बैठकको निर्णय बमोजिमआफूलाई सुम्पिएको जिम्मेवारी पूरा गर्ने ।

**४४.अनुशासन समिति :**

(क) अनुशासनसम्बन्धी सम्पूर्ण काम कारबाहीकालागिवरिष्ठ उपाध्यक्षको संयोजकत्वमा १५ सदस्यीयअनुशासन समिति रहने छ ।

(ख) युनियनका सबै तहका सदस्यहरुले विधानको स्पष्ट उल्लंघन हुने काम गरेमा सम्बन्धित समिति, पदाधिकारी वा सदस्यलाई स्पष्टीकरण सोध्ने, निलम्बनवाबर्खास्त वाभंग गर्ने । त्यस्तो कारवाही गर्नु अघि मनासिबसफाईको मौका दिनुपर्नेछ ।

(ग) कारवाहीमा परेका सदस्यवाशाखाले सुधारका आवश्यककाम गरेमा कारवाहीफिर्ता लिने अधिकार अनुशासन समितिलाई हुनेछ ।

(घ) आफ्ना निर्णयको कारणसहितको प्रतिवेदन केन्द्रीय समितिमा प्रस्तुत गर्नुपर्ने छ ।

**४५संगठन विभाग :**

**(क) महासचिवको नेतृत्वमा संगठन विभाग गठन हुनेछ । संगठन विभागले** संगठनसम्बन्धी काम–कारबाही गर्ने ।

(ख) संगठनका सबै काम,कारबाही केन्द्रीय समितिमा पेश गर्ने छ ।

(ग) युनियनकाशाखा, उपशाखा, प्रतिष्ठानसहितको एकीनविवरण राख्ने ।

(घ) सदस्यहरुको अध्यावधिकविवरणको अभिलेख राख्ने ।

(ङ) महाधिवेशन घोषणासँगै सदस्यहरुको विवरण सार्वजनिक गर्ने ।

**४५.समावेसी उपाध्यक्ष र सचिवले** आफ्नो समावेशीताकाआधारमा चयन भएकाहरुको सहभागिता र विकासकालागिविधानको परिधीभित्र रहेर समिति, उप–समितिबनाई संगठन विस्तार गर्न सक्नेछ ।

## परिच्छेद–९

## शाखा

**४६. युनियनकाशाखा**

(क) केन्द्रीय समितिले आवश्यकताअनुसार कम्तीमा १५जना साधारण सदस्यभएका जिल्ला/प्रतिष्ठान तथा संस्थामाशाखाखोल्ने निवेदन संगठन बिभागमादिएमाविभागले केन्द्रीय समितिमा स्वीकृतिलिई गठन गर्न सक्नेछ ।

(ख) युनियनका सदस्य रहेका विदेशी मुलुकबाट युनियनको शाखाखोल्ने निवेदनदिएमायुनियनको बैदेशिकशाखा गठन गर्न सक्नेछ तर बैदेशिकशाखा केन्द्रीय समितिबाट अनुमोदन गर्नु पर्नेछ ।

(ग) शाखाको पदावधि ३ वर्षको हुनेछ ।

(घ) शाखाका गठन तथाकाम, कर्तव्य र अधिकार तोकिएबमोजिमहुनेछ ।

(ङ) शाखाले युनियनको विधानको पालनातथाकार्यान्वयन सक्रियतापूर्वक गर्नुपर्नेछ ।

**शाखाको गठन**

अध्यक्ष १, उपाध्यक्ष २ मध्ये १ समाबेशी/महिला, सचिव १, कोषाध्यक्ष १, सहसचिव १, सदस्य ९ मध्ये खुला ३, महिला २, जनजाति/आदिवासी २ आदिबासीमध्ये १ महिला, मधेशी १, अपाङ्गताअल्पसंख्यक १ गरी १३ सदस्यीयहुनेछ ।

## परिच्छेद - १०

**कोष व्यवस्थापन**

**४७. कल्याण कोषः**

युनियनको केन्द्रमा केन्द्रीय पत्रकार कल्याण कोष, प्रदेशमा प्रदेश पत्रकार कल्याण कोष र जिल्लामापत्रकार कल्याण कोष रहनेछ। सो कोषको व्यवस्थापन र सञ्चालन युनियनले तयार गरेको विनियमावली अनुसार हुनेछ।

**युनियन कोष र लेखापरीक्षण**

**४८.युनियनको कोष**

(क) युनियनको आफ्नो छुट्टै कोष रहनेछ।

(ख) कोषको सञ्चालनअध्यक्ष, महासचिव र कोषाध्यक्षमध्ये दुई जनाको अनिवार्य हस्ताक्षरले चल्ने गरी बैंकमाखाताखोली राखिने छ। कोषाध्यक्षको दस्तखत अनिवार्य हुनेछ।

(ग) युनियनको आवश्यकखर्चको व्यवस्था सोही कोषबाट गरिनेछ।

(घ) दान, दान्तब्य र पुरस्कारको ब्यवस्थानियमावलीअनुसार हुनेछ।

**४९. लेखापरीक्षण**

युनियनको सम्पूर्ण आयव्ययको वर्षमा एकपल्ट मान्यताप्राप्त लेखापरिक्षकद्वारा जाँचगरिनेछ। लेखापरीक्षकको नियुक्तियुनियनको कार्यसमितिको बैठकले गर्नेछ। प्रदेश तथाशाखाहरुले पनिआफ्नो लेखा परीक्षण गराई केन्द्रीय समितिमाबुझाउनु पर्नेछ।

**परिच्छेद - ११**

**विविध**

**५०. विधान संशोधन**

(क) यो विधान संशोधन गर्नु परेमा केन्द्रीय समितिले संशोधन गरेको प्रस्तावसहितमहाधिवेशनमाउपस्थितमहाधिवेशनप्रतिनिधिमध्ये बहुमतमहाधिवेशन प्रतिनिधिबाट संशोधनको प्रस्तावपारित भएमा संशोधनभएको मानिने छ। यसबाहेक केन्द्रीयविधानसभाले पनिविधान संशोधन गर्नसक्नेछ। तर, विधानको

प्रस्तावनाविपरीत विधान संशोधन गर्न सकिने छैन । संशोधितविधानपारित भएपछि तत्कालै लागु भएको मानिने छ । तर, विधान संशोधनहुनु अघि भएकाकाम, कारबाहीहरु पनि सोहीविधानअनुसार भएको मानिने छ । केन्द्रीय सभाको कुनै सभासद वा प्रदेश वा शाखाले विशेष प्रस्तावको रूपमा संशोधन प्रस्ताव ल्याउन सक्नेछ र सो प्रस्तावबारे केन्द्रीय समितिले केन्द्रीय सभा हुनुभन्दा कम्तीमा तीस दिनअगाडि लिखित सूचना प्रेषित गर्नेछ

(ख) युनियनको उद्देश्यमा परिवर्तन गर्नुपरेमामहाधिवेशनकाकुल सदस्य संख्याबहुमतले मध्ये दुई तिहाइले प्रस्तावको पक्षमामतदान गर्नुपर्नेछ ।

**५१. नियमबनाउने अधिकार :** (१) यस विधानको उद्देश्य पूर्ति गर्न केन्द्रीय समितिले आवश्यकनियम, विनियम, निर्देशिकाबनाउन र लागू गर्न सक्नेछ ।

**५२. अविश्वासको प्रस्ताव**

युनियनको कुनैपनिपदाधिकारी वा सदस्यमाथि**महाधिवेशनका ३० प्रतिशत**प्रतिनिधिहरुले विश्वास छैन भन्ने कारण जनाई प्रस्तावल्याएमाअविश्वासको प्रस्तावमा छलफल हुनेछ । तर आरोपितव्यक्तिलाई सफाइको उचितमौका दिनबाट वञ्चितगरिने छैन ।

**५३. विघटन र निस्क्रीयता**

कुनै कारणवस संस्था विघटन हुनगएमायुनियनको सम्पूर्ण सम्पत्ती र दायित्वप्रचलितकानूनबमोजिमहुनेछ । साथै यस विधानमा लेखिएका कुरा ऐन,कानूनसँगबाझिनगएमाबाझिएको हदसम्मअमान्यहुनेछ ।

**५४. बाधा अड्काउ**

(क) यो विधानमा जेसुकै कुरा लेखिएतापनि यस अघिको विधानअनुसार भएगरिएका सम्पूर्ण काम,कारबाहीहरु यहीविधानअनुरुप भएगरिएको मानिने छ ।

(ख) यो विधानलागु गर्न कुनै बाधा,अड्काउ परेमा केन्द्रीयकार्यसमितिको पूर्ण बैठकले त्यस्ता बाधा,अड्काउफुकाउन सक्नेछ ।

**५५. राजीनामा स्वीकृति**

(क) कार्यकाल पुरा हुनुअघी नै राजीनामादिनुपरेमाअध्यक्षले वरिष्ठ उपाध्यक्ष र अन्यपदाधिकारी तथा सदस्यले अध्यक्षसमक्ष राजीनामादिनेछ । अध्यक्षको राजीनामाआएमावरिष्ठ उपाध्यक्ष स्वतःकार्यवहाकअध्यक्षहुनेछ । अध्यक्षको हैसियतमायुनियनको अधिकारको प्रयोग तथा संचालनवरिष्ठ उपाध्यक्षले गर्नेछ । केन्द्रीय समितिकापदाधिकारप तथा सदस्यले राजीनामादिएमाकार्यसम्पादन समितिको बैठकले अनुमोदन गर्नेछ ।

**५६. व्याख्या :** यस विधानको अन्तिमव्याख्या गर्ने अधिकार केन्द्रीय समितिलाई हुनेछ ।

## विधान मस्यौदा समिति

दीपकआचार्य : संयोजक

रमेश वाग्ले : सदस्य

निरज खतिवडा : सदस्य

जीवन भण्डारी : सदस्य

जगन्नाथ दुलाल : सदस्य

निरज खतिवडा : सदस्य